# REGIONAL NEWS

# ALL INDIA RADIO GANGTOK

# NEPALI NEWS

18:40 HRS 03/02/2025

---

## Railway Budget Allocation

केन्द्रीय रेल मन्त्री श्री अश्विनी वैष्णवले भन्नुभएको छ रेलवेका लागि यस वर्षको बजट आबंटन राशि दस हजार चार सय चालिस करोड़ निर्धारित गरिएको छ।

आज साँझ भर्चुअल रूपमा पत्रकारहरूलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो सुंरूग र पुलहरूको कारणले सिक्किम अनि जम्मू काश्मीर जस्ता राज्यहरूमा चुनौती भए तापनि पूर्वोत्तर सीमान्त रेलवे अधिन पर्ने आसाम र अन्य पूर्वोत्तर राज्यका विभिन्न परियोजनाहरूमाथि काम भइरहेछ।

रम्फु गान्तोक रेल सम्पर्क सम्वन्धमा सिक्किमका एकजना पत्रकारले सोधेका प्रश्नको उत्तर दिँदै श्री वैष्णले भन्नुभयो यसका लागि सर्वेक्षण र विस्तृत परियोजना रिपोर्ट तयार पार्ने काम भइरहेकाले परियोजना समाप्तको मितिवारे अहिले केही भन्न सकिँदैन। तथापि उहाँले विभिन्न परियोजनाहरूद्वारा पूर्वोत्तरमा सम्पर्क व्यवस्थाले क्षेत्र लाभान्वित हुने आश्वासन दिनुभएको छ।

## Delegation Flagged off

राज्यका बौद्ध लामाहरूको एउटा टोली आज पवित्र प्रयागराज महाकुम्भ मेला 2025 का निम्ति प्रस्थान भएको छ।

आध्यात्मिक र सांस्कृतिक विनिमयको यो एउटा महत्वपूर्ण कार्य अन्तर्गत यस टोलीलाई आज बिहान मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले गान्तोकबाट झण्डी हल्लाएर प्रस्थान गराउनुभयो।

तीसजना लामाहरू र धर्मविषयक विभागका दुइजना अधिकृतहरूका प्रतिनिधिमण्डलको तीर्थयात्रा सात फरवरीमा समाप्त हुनेछ।

महाकुम्भ मेलामा सहभागिताका लागि राज्यको प्रतिनिधिमण्डल पठाउनु गर्व र सम्मानको कुरो बताउँदै मुख्यमन्त्रीले भन्नुभयो यस्तो कार्यले राष्ट्रिय मञ्चमा सिक्किमको धनी सास्कृति विरासतको प्रवर्द्धनका लागि अन्तधार्मिक सद्भावना बढाउने राज्यको प्रतिबद्धता उजागर हुन्छ।

## Tenant's registration

राज्यमा अब उसो अनिवार्य रूपले किरायदारहरूको पञ्जीकरण गर्नुपर्नेछ।

पाकिममा आज एउटा पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै पाकिम जिल्ला पुलिस अधीक्षक सुश्री धनमाया सुब्बा र महकुमा अधिकारी श्री थोण्डुप भुटियाले पाकिम जिल्लामा अब यो कार्य अनिवार्य रूपमा गर्नुपर्ने बताउनु भयो।

घर मालिकले फारम प्राप्त गरेको एक महीना भित्रमा किरायद्वारको पञ्कीकरण नजीकैको पुलिस थानामा गर्नुपर्नेछ।

यो नियमको पालन नगरिएको खण्डमा घर मालिक विरूद्ध पाँच हजार रूपियाँ सम्मको जरिमाना लगाइनेछ।

उहाँहरूले भन्नुभयो पाकिम जिल्ला अधीनका सबै बजार क्षेत्रहरूमा माइकद्वारा यससम्वन्धी घोषणा गरिनेछ र किरायदारहरूको नाँउ पञ्जीकरण गराउने समय पनि दिइनेछ।

## BSI

भारतीय वनस्पति सर्वेक्षण सिक्किम हिमाली क्षेत्रीय केन्द्र गान्तोक र राज्यको वन तथा पर्यावरण विभागको तत्वाध्यानमा गान्तोकमा आजदेखि पाँच दिवसीय वनस्पति विज्ञान शब्दावली पाठ्यक्रम आरम्भ भएको छ।

उद्घाटन कार्यक्रमलाई मुख्य अतिथिको रूपमा सम्वोधन गर्दै वन विभागका सचिव डा. प्रदीप कुमारले भन्नुभयो सिक्किमलाई यसको अद्वितीय वनस्पति र जीवजन्तुका लागि जानिन्छ यस्ता धेरै बिरूवा र जड़ीबुटीहरूबाट जीवन बचाउने औषधिहरू तयार पार्न सकिन्छ।

यसअघि वरिष्ट वैज्ञानिक डा. ए.ए मावोले भारतीय वनस्पति सर्वेक्षण BSI भारतको विकासमा पुर्याएको योगदानबारे जान दिनुभयो।

## सरस्वती पूजा

राज्यमा आज विद्यादादिनी माता सरस्वतीको पूजा भक्तिभाव र श्रध्यापूर्वक गरिँदैछ।

विद्यार्थीहरूमा यो पूजा गर्न विशेष उत्साह देखियो।

सरस्वती पूजा वसन्त पञ्चमीको रूपमा पनि मनाइन्छ।

आजदेखिनै वसन्त ऋतुको सुआगमन भएको सूचित हुँदछ।

आजको दिन कृषकवर्गका लागि पनि विशेष महत्वको दिन हो।

कृषकहरूले आज बाली रोप्ने क्रममा केही अन्नबालीका बिऊहरू छर्ने गर्छन्। देशका केही भागमा सरस्वति पूजा हिजो मनाइयो।

## Mahakumbh

यसैवीच प्रयागराजको महाकुम्भमा आज वसन्त पञ्चमीको अवसरमा एक करोड़ पच्चीस लाख भन्दा धेरै श्रध्यालुहरूले संगमा पवित्र स्नान गरे।

यसअघि दुइ अमृत स्नान चौध जनवरी मकर संक्रान्ति र उन्तीस जनवरी मौनी अमावस्यामा भएको थियो।

विश्वकै वृहत धार्मीक समागमको रूपमा जानिने महाकुम्भ मेलाको शुभारम्भ तेह्र जनवरीमा भएको हो र यो छब्बीस फरवरी महाशिवरात्रीको दिन समाप्त हुनेछ।

## Marathon

कोलकाता पूर्ण म्याराथन 2024 को महिला खुल्ला वर्गमा सिक्किमकी म्याराथन गर्ल भनेर चिनिने आशा फुर्बा तामाङ बिजेता भएकी छन्।

ब्यालिस् दशमलऊ दुई किलोमिटर वर्गमा सुश्री तामाङलाई पहिलो स्थान प्राप्त भएको हो।

## Assembly

राज्य विधानसभाको अधिवेशन आँउदो बुधवार पाँच फरवरीका दिन बस्ने भएको छ।

अधिवेशन सुचारू रूपमा सञ्चालन भएको सुनिश्चि गर्न विधानसभा सचिवालय परिसरमा निषेधाना जारी गरिएको छ।

Weather

राज्यमा दिनदिनै जाड़ोको प्रकोप बढ़दै गइरहेछ।

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्ट अनुसार बितेको चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रमा अधिकतम तापमान आठ दशमलउ चार डिग्री सेल्सियस रेकार्ड गरियो।

विभागको पूर्वानुमानमा भोलि अधिकतम तापमान तेह्र डिग्री सेल्सियस र न्यूनतम तापमान सात डिग्री सेल्सियस रहनेछ।